आज मिति २०७४/३/८ गते मकवानपुरका प्र.जि.अ. श्री नारायण प्रसाद शर्मा दुवाडीज्यूको अध्यक्षतामा गृह मन्त्रायल (लागू औषध नियन्त्रण शाखा) सिंहदरबार, काठमाडौंको च.नं.६५५, मिति २०७४/२/३१ गतेको पत्र तथा निर्देशन बमोजिम लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवश जुन २६, २०१७ तदनुसार २०७४ असार १२ गतेलाई मनाउने सन्दर्भमा जिल्ला स्तरीय लागू औषध नियन्त्रण अभियान समितिको बैठक बसी निम्न निर्णयहरु गरियो ।

निम्नः-

१. मिति २०७४/३/१२ गते

लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवश विविध क्रियाकलापहरु आयोजना गरी मनाउने

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | समय |
|---|---|---|---|
| १. | मुल ब्यानर निर्माण गर्ने | जिल्ला समन्वय समितिको कार्यालय | |
| २. | चार ठाउँमा Hoarding Board राख्ने | हेटौंडा उ.म.न.पा. | |
| ३. | झाँकी सहितको ५० जनाको समूहको र्‍यालीको व्यवस्था | दिप कला प्रतिष्ठान, हेटौंडा । | |
| ४. | सबै समूहरुले आ-आफ्नो संस्थाहरुको ब्यानर र प्ले कार्ड सहित र्‍यालीमा उपस्थित हुने | सबै सरकारी कार्यालयका प्रमुख एवं कर्मचारीहरु, प्रहरी, संचारकर्मी, शिक्षक, विद्यार्थीहरु, सिआन पुर्नस्थापन केन्द्र, मकवानपुर रिकभरी समूहे र दिप कला प्रतिष्ठान, हेटौंडा । | |
| ५. | जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा भेला भई बसपार्क -सिमाचोक हुँदै बुद्ध चोकमा आई र्‍याली कोण सभा परिणत हुने रुट व्यवस्थापन | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | विहान ७:०० बजे |
| ६. | बुद्ध चोकमा मञ्च व्यवस्थापन (माईक आदि) | मकवानपुर रिकभरी समूह | |
| ७. | सडक नाटक प्रदर्शन | सिआन पुर्नस्थापन केन्द्र | |
| ८. | समापन | मकवानपुर रिकभरी समूह | |
| ९. | दीप प्रज्वलनको व्यवस्था | मकवानपुर रिकभरी समूह | |
| १० | सबै एफ.एम. रेडियो, टि.भी., पत्रपत्रिकाबाट लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धका प्रचार-प्रसारका कार्यक्रमहरु संचालन गर्ने अनुरोध गर्ने । | नेपाल पत्राकार महासंघ, मकवानपुरको समन्वयमा सबै संचार गृहहरु र सरोकारवाला संस्थाहरु | |

२. मिति २०७४/३/१२ गते भन्दा अघि र पछि निम्न क्रियाकलापहरु आयोजना गर्नेः-

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| १. | क्याम्पसहरुमा कक्षा ११ र १२ का विद्यार्थीहरुलाई लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध सचेतना कार्यक्रहरु संचालन गर्ने | जिल्ला शिक्षा कार्यालय, मकवानपुरको समन्वयमा सिआन पुर्नस्थापन केन्द्र, मकवानपुर रिकभरी समूह र दिप कला प्रतिष्ठान, हेटौंडाले संयुक्त रुपमा । |
| २. | कारागारमा रहेका कैदी बन्दीहरुलाई लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध सचेना कार्यक्रम | सिआन पुर्नस्थापन केन्द्र, मकवानपुर रिकभरी समूह र दिप कला प्रतिष्ठान, हेटौंडाले संयुक्त रुपमा । |
| ३. | पुर्व - रातोमाटे, पश्चिम - थानाभन्याङ्ग र उत्तर- भैसेमा लागु पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध सवारी चालकहरुलाई चेक जाँच गरी सचेतना कार्यक्रहरु | जिल्ला प्रहरी कार्यालय, मकवानपुरको समन्वयमा सिआन पुर्नस्थापन केन्द्र, मकवानपुर रिकभरी समूह र दिप कला प्रतिष्ठान, हेटौंडाले संयुक्त रुपमा । |

नारायण प्रसाद शर्मा दुवाडी
प्रमुख जिल्ला अधिकारी